राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
...तपाईंको आफ्नै बैंक
(नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजत पत्र प्राप्त संस्था)

# राष्ट्रिय वाणिज्य बैंक लिमिटेड

## सूचना प्रविधि समूहबाट प्रशासन समूहमा सेवा परिवर्तनका लागि Online फाराम भर्ने सम्बन्धि

## सूचना

मिति : २०८०।०३।१९

यस बैंकको कर्मचारी सेवा विनियमावली, २०७० (सातौ संशोधन) को विनियम ६क प्रशासन सेवा, सूचना प्रविधि समूहको तह ४ र ५ को समूह परिवर्तन सम्बन्धी विषेश व्यवस्था बमोजिम सूचना प्रविधि समूहका पदबाट समान तहको प्रशासन समूहको पदमा समूह परिवर्तनका लागि लोक सेवा आयोगबाट सहमति प्राप्त भए बमोजिम बैंकको पदपूर्ति समितिको निर्णयानुसार कर्मचारी सेवा विनियमावली, २०७० (सातौ संशोधन) को विनियम ६क मा भएको व्यवस्था अनुसार दश जोड दुई वा सो सरहको न्यूनतम शैक्षिक योग्यतामा एक विषय कम्प्युटर लिई सोही योग्यतामा प्रशासन सेवा, सुचना प्रवधि समुहको तह ४ सहायक पदमा सेवा प्रवेश गरी हाल तह ४ र ५ मा कार्यरत रही उक्त पदमा कम्तिमा २(दुई) वर्ष स्थायी सेवा अवधि पूरा गरेका र विनियम २३ बमोजिम बढुवाको लागि बन्देज नभएका कर्मचारीले प्रशासन सेवा, सूचना प्रविधि समुहको तह ४ सहायक तथा तह ५ वरिष्ठ सहायक पदबाट प्रशासन सेवा, प्रशासन समूहको समान तहका पदमा समूह परिवर्तन गर्न इच्छुक योग्यता पुगेका कर्मचारीबाट मिति २०८०।०३।२० देखि तोकिएको म्यादभित्र Online मार्फत दरखास्त फाराम भर्न सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको समय भित्र Online फाराम नभरेका वा रितपुर्वक नभएका उम्मेदवार परीक्षामा सामेल हुन नपाउने तथा तोकिएको म्याद पश्चात फाराम भर्ने कुनै व्यवस्था नरहेको व्यहोरा समेत जानकारी गराइन्छ ।

**तपसिल**

| सि.नं | विज्ञापन नं. | तह | हाल कार्यरत | | परिवर्तन हुन चाहेको | |
|---|---|---|---|---|---|---|
| | | | पद | सेवा / समूह | पद | सेवा / समूह |
| १ | ८५।२०७९।०८० | ५ | वरिष्ठ सहायक (सूचना प्रविधि) | प्रशासन/ सूचना प्रविधि | वरिष्ठ सहायक | प्रशासन/ प्रशासन |
| २ | ८६।२०७९।०८० | ४ | सहायक (सूचना प्रविधि) | प्रशासन/ सूचना प्रविधि | सहायक | प्रशासन/ प्रशासन |

१. परीक्षा दस्तुर : रु.५००।– (पाँच सय मात्र)

२. Online दरखास्त फाराम भर्न बैंकको HRIS System मा आफ्नो User Login गरी Recruitment को Application form मा गई विज्ञापन नं. छनौट गरी आफ्नो विवरण Online मार्फत भर्नु पर्नेछ ।

३. Online Application Portal मा भर्नु पर्ने विवरण भरे पश्चात शुल्क भुक्तानीका लागि उपलब्ध RBB Mobile Banking मार्फत दस्तुर बुझाउनु पर्नेछ ।

४. Online फाराम साथ सेवा अवधि तथा शैक्षिक योग्यता खुल्ने प्रमाणपत्रको प्रतिलिपि Scan गरी Attach गर्नु पर्नेछ ।

५. Online दरखास्त फाराम भर्ने अन्तिम मिति : Online दरखास्त फाराम शुरु हुने मिति २०८०।०३।२० गतेले २१ (एककाईस) दिन अर्थात २०८०।०४।०९ गते भित्र र दोब्बर दस्तुर तिरी थप ७ (सात) दिन अर्थात २०८०।०४।१६ गते सम्म दरखास्त फाराम भर्न सकिनेछ ।

६. परीक्षा मिति र परीक्षा केन्द्र : पछि प्रकाशित गरिने छ ।

७. उपरोक्त पदहरुको लिखित परीक्षा सञ्चालन लोक सेवा आयोगबाट हुनेछ ।

सदस्य-सचिव
पदपूर्ति समिति